# नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेड

बत्तिसपुतली, काठमाण्डौ

# शेयर सदस्यता कार्यविधी २०८०

# नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेड
# बत्तिसपुतली, काठमाण्डौ

## शेयर सदस्यता कार्यबिधि-२०८०

१. **प्रस्तावना** : यस संस्थाको शेयर खरिद बिक्री, शेयर हस्तान्तरण, नामसारी, फिर्ता लगायत शेयर संग सम्बन्धीत सम्पुर्ण क्रियाकलापलाई व्यवस्थित गर्दै कार्यक्षेत्र भित्र वसोबास गर्ने सबै वर्गका व्यक्तिहरुलाई समेटी सहकारी वाट दिइने सेवा सवैमाझ पुऱ्याउने हेतुले यो कार्यबिधि तयार गरीएको छ ।

२. **संक्षिप्त नाम र प्रारम्भ :-** यो कार्यबिधि को नाम नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको 'शेयर सदस्यता कार्यबिधि-२०८०' रहनेछ । यो कार्यबिधि साधारण सभाबाट पारित गरीएको मितिदेखि लागु हुनेछ ।

३. **परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेड को 'शेयर सदस्यता कार्यबिधि-२०८०' मा

   १. "ऐन" भन्नाले सहकारी ऐन, २०७४ सम्झनु पर्दछ, यो शब्दले प्रदेश सहकारी र स्थानीय तहको सहकारी ऐन लाई समेत जनाउनेछ ।
   २. "नियमावली" भन्नाले सहकारी नियमावली, २०७५ सम्झनु पर्दछ, यो शब्दले प्रदेश सहकारी र स्थानीय तहको सहकारी नियमावली लाई समेत जनाउनेछ ।
   ३. "रजिष्ट्रार" भन्नाले सहकारी विभागका रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीलाई सम्झनु पर्दछ, सो शब्दले नियमनकारी निकायको सहकारी हेर्ने प्रमुखलाई समेत जनाउनेछ ।
   ४. "विनियम" भन्नाले नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको विनियम २०७६ लाई जनाउनेछ ।
   ५. "संस्था" भन्नाले नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि. लाई जनाउँनेछ ।
   ६. "संचालक" भन्नाले विनियम बमोजिम गठन भएको संस्थाको संचालक समितिका पदाधिकारी तथा सदस्यहरुलाई जनाउँछ ।

७. "लेखा सुपरिवेक्षण समिति" भन्नाले नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.को बिनियम बमोजिम गठन भएको लेखा सुपरिवेक्षण समितिलाई जनाउने छ ।

८. "उपसमिति" भन्नाले नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.को बिनियम बमोजिम संचालक समिति वाट निश्चित कार्य संचालन गर्न गठन भएको उपसमिति लाई जनाउने छ ।

९. "सदस्य" भन्नाले नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.को बिनियम बमोजिमको शेयर सदस्यलाई जनाउँछ ।

१०. "कार्यविधि" भन्नाले नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि. को शेयर सदस्यता कार्यविधिलाई जनाउनेछ ।

११. "बचत"भन्नाले सदस्यहरुले नवकान्तिपुर बचत बचत तथा ऋण सहकारी संस्था लि.मा जम्मा गरेको बचत रकम जनाउनेछ ।

१२. "आवधिक बचत" भन्नाले निश्चित अवधी किटान भएको बचत रकम लाई जनाउनेछ ।

१३. "शेयर" भन्नाले सहकारी ऐन बमोजिम संस्थाले जारी गरेको पूँजीको अंशलाई जनाउनेछ ।

**४. संस्थाको सदस्यता :**

देहायका प्राकृतिक व्यक्तिहरु संस्थाको सदस्य हुनेछन :-

(क) संस्था दर्ताको समयमा निवेदन दिने ब्यक्तिहरु र

(ख) दफा ८ वमोजिम सदस्यताको लागि योग्यता पुगेका तथा दफा ९ बमोजिम सदस्यता वा दफा १३ बमोजिम पुनः सदस्यता प्राप्त गरेका व्यक्तिहरु ।

(ग) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका साथै नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएका निकायहरुले दफा १७ बमोजिम संस्थाको शेयर खरिद गरि सदस्य हुन सक्नेछन् ।

**५. सदस्यताको लागि योग्यता :**

(१) सदस्यता प्राप्त गर्न देहायको योग्यता पुगेको हुनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको

(ख) संस्थाको कार्यक्षेत्र भित्र बसोबास गरिरहेको ।

(ग) संस्थाको मुख्य व्यवसायिक सेवा आवश्यक हुनुका साथै उपयोग गर्न सक्ने अवस्थामा रहेको

(घ) संस्थासंग प्रतिस्पर्धा हुनेगरि संस्थाको कार्ययोजनामा गर्ने भनिएको कारोवार नभएको ।

(ङ) यस विनियममा उल्लेख भएबमोजिमको सदस्यको उत्तरदायित्व बहन गर्न स्वीकार गरेको र

(च) समान प्रकृतिको अन्य कुनैपनि संस्थामा सदस्य नरहेको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्पत्ति शुद्धिकरण निवारण कानुन बमोजिम पहिचान तथा सम्पुष्टि हुन नसकेको खण्डमा सदस्यको योग्यता नपुगेको मानिनेछ ।

**६. सदस्यताको लागि निवेदन र प्राप्ति :**

(१) सदस्यता लिन चाहने व्यक्तिले तोकिएको ढाँचामा नियम ८ मा उल्लेखित विवरणहरु समेत खुलाईएको प्रमाणहरुका साथ संस्थाको समिति समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन परेको मितिले पैंतिस दिनभित्र समितिले सहकारी ऐन, नियम र यस विनियम बमोजिम सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सो को कारण खोली सात दिन भित्र निवेदकलाई जानकारी गराउँनुपर्नेछ ।

**७. सदस्यता को समाप्ति :**

(१) कुनै पनि सदस्यको सदस्यता देहायमा उल्लेख भएको अवस्थामा कायम रहने छैन :

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(ख) विना सूचना बार्षिक साधारण सभामा लगातार तीन पटक सम्म अनुपस्थित भएमा,

(ग) सहकारी ऐन, नियम र यस विनियमको बारम्बार उलंघन गरेमा ।

(छ) विनियमको नियम ८ मा उल्लेखित सदस्यताको लागि चाहिने कुनै योग्यता कायम नरहेमा,

## ८. सदस्यताबाट निष्काशन

(१) संचालक समितिले छानविन गरी एवं सफाईको मौका समेत दिई कुनै सदस्यलाई निम्न आधारमा बहुमतको निर्णयले सदश्यताबाट निष्काशन गर्न सक्नेछः-

(क) संस्थाको संचालन र प्रगतिमा हानि हुने कुनै किसिमको कार्य गरे गराएमा ।

(ख) संस्थाको स्वीकृत नीति र विनियम वर्खिलाप हुने काम गरे गराएमा ।

(ग) संस्थाको प्रतिष्ठामा आँच आउने खालको कार्य गरे गराएमा ।

(घ) संस्थाको चल अचल सम्पत्ति हिनामिना गरेको प्रमाणित हुन आएमा ।

(ङ) विनियममा व्यवस्था भएबमोजिम सदस्य हुन आवश्यक योग्यता नरहेमा ।

(२) उपदफा (१) बमोजिम कुनै सदस्यलाई संचालक समितिले निष्काशन गर्नु अघि सम्बन्धित सदस्यलाई आफूलाई लागेको आरोप सम्बन्धमा स्पष्टीकरण दिने र आरोपको खण्डन गर्ने वा आवश्यक प्रमाण प्रस्तुत गर्न बढीमा ३५ दिनको म्याद दिइनेछ ।

(३) छानविनको क्रममा समितिको बहुमतको निर्णयले सम्बन्धित सदस्यलाई निलम्बन गरी संस्थाबाट कुनै खास सेवा वा सुविधा उपलब्ध गर्न नपाउने गरी बढीमा एक वर्ष सम्मका लागि बन्देज लगाउन सक्नेछ ।

(४) उपदफा (१) र (२) अनुसारको निर्णयमा चित्त नबुझेमा सदस्यले साधारण सभा समक्ष पुनरावेदन गर्न सक्नेछ र साधारण सभाको बहुमतले गरेको निर्णय अन्तिम हुनेछ ।

## ९. सदस्यताबाट राजीनामा :

(१) कुनै सदस्यलाई संस्थाको सेवा तथा सुविधा आफूलाई आवश्यक छैन भन्ने लागेमा सदस्यताबाट राजीनामा दिन सक्नेछ ।

तर, सदस्यता छाड्न चाहने सदस्यले संस्थाबाट लिएको ऋण वा अन्य कुनै वाँकी बक्यौता चुक्ता गर्न बाँकी रहेको खण्डमा त्यस्तो सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने कुनै पनि सदस्यले राजीनामा दिन पाउने छैन ।

(२) सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने सदस्यको राजीनामा स्वीकृत भई सकेको रहेछ भने पनि त्यस्तो व्यक्तिले संस्थालाई तिर्नु बुझाउनुपर्ने दायित्ववाट छुट पाउनेछैन ।

(३) सदस्यताबाट दिएको राजीनामा समितिबाट स्वीकृत भई संस्थाको सदस्यताबाट हटेको व्यक्तिले पुनः सदस्यता प्राप्त गर्न सक्नेछ । यस्तो सदस्यता स्विकृत वा अस्विकृत गर्ने निर्णय निर्धारित मापदण्डको आधारमा सञ्चालक समितिले गर्नेछ ।

(४) यस विनियमको नियम १० को उपदफा (१) को खण्ड (ग) बमोजिम सदस्यले सदस्यता छाड्नका लागि लिखित राजिनामा समितिलाई प्राप्त हुने गरी पेश गर्नु पर्नेछ । यस्तो राजीनामा भोलीपल्ट देखि लागु हुने गरी समितिले स्वीकृत गर्नेछ ।

(५) संस्थाको कुल भुक्तानी शेयरपुँजीको १० प्रतिशत भन्दा बढी मूल्यको शेयर खरिद गर्ने सदस्यले सदस्यता छाड्न चाहेमा कम्तिमा १ बर्ष अगावै लिखित सूचना दिनु पर्नेछ ।

## १०. शेयर पूँजी :

(१) संस्थाको सेवा सञ्चालनका लागि आवश्यक रकम यथासक्य सदस्यहरुले दफा १८ बमोजिम सदस्यताको शर्त स्वरुप र दफा १९ बमोजिम स्वेच्छाले खरिद गरेको शेयरबापतको पुँजीको रुपमा जुटाईनेछ ।

(२) संस्थाको एक शेयरको मूल्य रु १००/–(रुपैयाँ एक सय) हुनेछ । प्रति सदस्य न्युनतम १० कित्ता शेयर खरीद गर्न प्रोत्साहित गरिनेछ ।

(३) तोकिए बमोजिम सदस्य बन्न ईच्छुक संघीय सरकार प्रदेश सरकार वा स्थानीय तहका साथै संघीय सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएका निकायहरुलाई शेयर विक्री गर्न सक्नेछ ।

तर अन्य कुनै कृतिम व्यक्तिलाई शेयर विक्री गरिनेछैन ।

## ११. थप शेयर खरीद गर्न सक्नेः

(१) संस्थाले आफ्नो शेयर पूँजी वृद्धि गर्न आवश्यक ठानेमा विद्यमान शेयर सदस्यहरुबाट थप शेयर खरीद को लागि आह्वान गर्न सक्नेछ ।

(२) संस्थामा सदस्यता कायम रहेका व्यक्तिहरुले संस्थाको थप शेयर खरीद गर्नको लागि आवेदन दिनु पर्नेछ ।

(३) ठुला बचतकर्ता तथा ऋणीको हकमा शेयर रकम बचत तथा ऋण कारोवारको आधारमा देहायबमोजिम हुने गरि शेयर खरीद गर्न प्रोत्साहित गरिनेछ ।

(क) रु ५० लाख भन्दा माथिको बचत हुने सदस्यहरुलाई न्यूनतम् १००० कित्ता शेयर खरिद गर्न प्रोत्साहित गरिनेछ ।

(ख) रु. दश लाख भन्दा माथिको ऋण लिने सदस्यको हकमा न्युनतम १०० कित्ता शेयर खरीद गर्न प्रोत्साहित गरिनेछ ।

(३) उपनियम १ बमोजिम आवेदन गरेका सदस्यहरुको थप शेयर सम्बन्धि अन्तिम निर्णय सञ्चालक समितिको हुनेछ ।

**१२. शेयर फिर्ता वा हस्तान्तरण :**

(१) कुनै सदस्यको सदस्यता कायम नरहेमा निजले शेयर खरीद गरी संस्थामा लगानी गरेको रकम संस्थाको पछिल्लो आर्थिक वर्षको हिसावजाँच पश्चात निजले पाउनु पर्ने देखिएको रकम फिर्ता दिईनेछ ।

(२) संस्थाले कुनै सदस्यको मृत्यु भएमा वा बहुलाएको प्रमाणित भएमा निजको नाउँमा रहेको र संस्थाबाट निजलाई प्राप्त हुने हक प्रचलित कानून बमोजिमको हकवालाको नाउँमा सहकारी नियमावलीको अधिनमा रही नामसारी गरिदिनेछ ।

**१३. कृत्रिम छेकबार नलगाईने :**

(१) संस्थाको सदस्यता प्राप्त गर्न चाहने व्यक्तिलाई दफा ८ को उपदफा (१) बमोजिम योग्यता नपुगेको वा उपदफा (२) मा उल्लिखित अवस्था भएकोमा बाहेक दफा १८ बमोजिम खरिद गर्नुपर्ने एक शेयरको वा दफा २१ बमोजिम बुझाउनुपर्ने सदस्यता शुल्कको रकम बढी राखेर वा वा अन्य कुनै अवस्थाको सृजना गरि खुला सदस्यताको सर्वमान्य सहकारी सिद्धान्त विपरित कृतिम छेकबार लगाईने छैन ।

(२) कुनै निवेदकले उपदफा (१) बमोजिम आफूलाई कृत्रिम छेकबार लगाईएको भन्ने लागेमा साधारण सभा वा दर्तागर्ने अधिकारी समक्ष उजुरी दिन सक्नेछ ।

**१४. शेयर प्रमाणपत्रः**

संस्थाले सदस्यहरुलाई शेयर खरीद गरे वापत तोकिएको ढाँचामा संस्थाको छाप लागेको र अधिकार प्राप्त पदाधिकारीको हस्ताक्षर भएको शेयर प्रमाण पत्र जारी गर्नेछ । शेयर

प्रमाणपत्र हराएमा वा नासिएमा रु. १००।- तिरी सदस्यले अर्को प्रमाणपत्र प्राप्त गर्न सक्नेछन् ।

**१५.सदस्यको दायित्व सीमित हुने :**

(१) सदस्यको दायित्व आफूले लिएको शेयर रकमसम्म मात्र सीमित रहनेछ ।

**१६.सदस्यको काम, कर्तव्य र अधिकार :**

सदस्यको काम, कर्तव्य र अधिकार देहाय  बमोजिम हुनेछ :-

(क) मताधिकार प्रयोग गर्ने ।

(ख) साधारण सभाबाट निर्वाचित भई संस्थाको नेतृत्व लिने वा विभिन्न जिम्मेवारीमा सक्रिय सहभागिताका लागि सरिक हुने ।

(ग) संस्थामा नियमित रुपमा बचत गर्ने र सोमा निर्धारित ब्याज प्राप्त गर्ने ।

(घ) संस्थाको बचत तथा ऋण कार्यविधिको आधारमा ऋण प्राप्त गर्ने र सोको किस्ताबन्दी रुपमा साँवा तथा ब्याज नियमित रुपमा भुक्तानी गर्दै जाने ।

(ङ) सदस्य एवं समूहको हितमा संचालकहरुलाई आवश्यक सल्लाह र सहयोग पुऱ्याउने ।

(च) संस्थाको साधारण सभामा सहभागी भई छलफलमा भाग लिने तथा संस्थाको गतिविधिका बारेमा जानकारी लिने ।

(छ) साधारण सभाको विभिन्न विषयमा गरिने निर्णयमा आफ्नो मतको प्रयोग गर्ने ।

(ज) संस्थाले सदस्यका लागि संचालन गरेका सुविधाको उपभोग निर्धारित विधि अनुसार गर्ने ।

(झ) सहकारीका प्रचलित कानून र सहकारीका सर्बमान्य सिद्धान्त बमोजिम संस्था नचलेको अवस्थामा संस्थाको स्वीकृत विनियम बमोजिम संस्था शुद्धिकरणको अभियानमा सक्रियता लिने ।

**१७. सदस्यता खुला रहने**

सहकारी ऐन नियम र संस्थाको विनियम बमोजिम योग्यता पुगेका व्यक्तिहरु लाई संस्थाको सदस्यता  खुला रहनेछ ।

**१८. सदस्यता प्राप्ति, पुनः प्राप्ति र राजिनामा स्वेच्छिक हुने**

सहकारी ऐन नियम र संस्थाको विनियम बमोजिम संस्थाको सदस्यता प्राप्त गर्न, राजिनामा गर्न र पुनः प्राप्त गर्न स्वेच्छिक हुनेछ ।

## १९. आवश्यक कागजातहरु :-

सदस्यता आवेदन फारामका साथमा देहायमा उल्लेख गरिएका कागजातहरु समेत अनिवार्य पेश गर्नुपर्नेछ

क) नागरिकताको प्रतिलिपी - १ प्रति
ख) पासपोर्ट साईजको फोटो - १ प्रति
ग) हकवालाको जन्मदर्ता वा नागरीकताको प्रतिलिपि सहित पासपोर्ट साईजको फोटो- १ प्रति
घ) कार्यक्षेत्र भित्र बसोवासको प्रमाण
ङ) कार्यक्षेत्र भित्रको स्थानीय तहको एकै प्रकृतीको अन्य सहकारीको सदस्य नरहेको स्वःघोषणा
च) संस्थागत सदस्यताको हकमा तपशिलका बिबरण आवश्यक पर्नेछ ।

संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि
संचालक/व्यवस्थापन समितिको निर्णय
स्थायी लेखा नं. को प्रतिलिपि
पछिल्लो कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी
संस्थाको विनियम वा नियमावलीको प्रतिलिपी
खाता सञ्चालकहरुको नागरिकताको प्रतिलिपि र फोटो

## २०. सदस्यताको अनुमोदन :

१. सदस्यताका लागि आवेदन दिने आवेदकहरूको विवरण तथा सिफारिसको अध्ययन गरी सदस्यताका लागी प्राप्त निवेदनहरुलाई कार्यलय प्रमुखले आफ्नो राय सहित संचालक समितिको बैठकमा पेश गर्नुपर्नेछ ।
२. सदस्यता संचालक समितिको वैठकबाट अनुमोदन गराउनुपर्नेछ ।
३. सदस्यता अनुमोदन गर्ने वा नगर्ने अन्तीम अधिकार संचालक समितिमा रहनेछ ।
४. संचालक समितिले अनुमोदन नगरेको सदस्यता स्वतः रद्ध हुनेछ ।
५. संचालक समितिले सदस्यता अनुमोदन नगरेका आबेदकलाई सो को कारण खोली जानकारी गराउनु पर्ने छ ।
६. सदस्यता अनुमोदन नभएका आवेदकको सेयर र बचतको रकम भुक्तानी दिनुपर्नेमा राखिनेछ ।
७. संचालक समितिबाट अनुमोदन भएका सदस्यहरुको बिबरण सहितको अभिलेख कार्यकारी प्रमुखबाट प्रमाणीत गरी राख्नुपर्ने छ ।
८. अनुमोदन भएका सदस्यहरुलाई संस्थाको विनियम बमोजिमको शेयर प्रमाणपत्र प्रदान गरिने छ ।
९. अनुमोदन भएका सदस्यहरुको बिबरण कम्प्युटर सफटवेयरमा समेत अध्यावधिक गर्नुपर्ने छ ।

## २१. शेयर रकमको सीमाः-

१. संस्थामा अधिकतम् प्रति सदस्य शेयर सीमा कुल शेयर पुँजीको तीन प्रतिशत सम्म हुनेछ । तर यो कार्यविधि लागु हुनुभन्दा अघि उल्लेखित सीमा भन्दा बढी शेयर कायम रहेका सदस्यहरुको हकमा यो कार्यविधी लागु भएको एक बर्ष भित्र उक्त सीमा लागु गरिनेछ ।

## २२. बचत तथा ऋण सम्बन्धी :-

१. संस्थाको वचत निति अनुसार सदस्यहरुले नियमित तथा मासिक रुपमा न्युनतम वचत रु ५००/ अनिवार्य जम्मा गर्नुपर्नेछ ।
२. सदस्यले संस्था द्धारा संचालित अन्य प्रकारका वचतमा इच्छा अनुसार सहभागी हुने पाउनेछन् ।
३. सदस्यले संस्था द्धारा संचालित बिभिन्न प्रकारका ऋण सुबिधा पाउन सक्नेछन ।
४. बचत तथा ऋण सम्बन्धी सम्पुर्ण व्यवस्था सम्बन्धीत कार्यबिधि अनुसार हुनेछ ।

## २३. सदस्यहरुको दर्ता किताव र प्रतिवेदन :-

१) सदस्यता को निवेदन स्वीकृत भए पछि नयां सदस्यको नाम सदस्यता दर्ता कितावमा दर्ता गरिनेछ ।

## २४. सदस्यको आचारसंहिता :

संस्थाका सदस्यहरूले देहायका आचार संहिताको पालना गर्नुपर्ने छ :

१. संस्थामा आत्मविश्वासका साथ कारोबार गर्नुपर्दछ,
२. संस्थाका कार्यबिधिहरुलाई दृढतापूर्वक पालना गर्नुपर्दछ,
३. स्वावलम्बी र आत्मनिर्भर बन्नुपर्दछ,
४. आर्थिक क्रियाकलापमा अन्य सदस्यहरूलाई सहयोग गर्नुपर्दछ,
५. पुँजीको सही सदुपयोग गर्नुपर्दछ,
६. ऋण कारोबारमा भाखा नघाउनु हुदैन,
७. संस्थाको हितविपरीत हुने कुनै किसिमको कार्य तथा प्रचारप्रसार गर्नु हुदैन,
८. सहकारी भावनाको विकास गरी मितव्ययी र पारदर्शी बन्नुपर्दछ,
९. संस्थालाई सदैव रचनात्मक तथा सिर्जनात्मक सहयोग गर्नुपर्दछ,
१०. संस्थाले माग गरेका विवरणहरू प्रस्ट रूपमा पेस गर्नुपर्दछ,
११. संस्थाले आयोजना गर्ने सामाजिक क्रियाकलापहरूमा पूर्ण रूपमा सहभागी बन्नुपर्दछ,
१२. संस्थाले आयोजना गरेको कार्यक्रमहरूमा सक्रियतापूर्वक भाग लिनु पर्दछ,
१३. संस्थाको सञ्चालक एवम् कर्मचारीहरूबाट भएका कमि-कमजोरीहरूलाई समाजमा प्रचार प्रसार नगरी संस्थामा जानकारी दिनुपर्दछ,
१४. मादक पदार्थ तथा कुलतलाई हतोत्साहित गर्नुपर्दछ,
१५. नियमित बचत समयमा जम्मा गर्नु पर्दछ ।
१६. संस्थाको व्यवसायीक कार्यमा सहभागीता जनाउनु पर्नेछ ।

## २५. सदस्य फाईल व्यवस्थापन सम्बन्धी व्यवस्था :-

१. प्रत्येक सदस्यको व्यक्तिगत फाईल निर्माण गरिने छ ।
२. सदस्यको व्यक्तिगत फाईलमा सदस्यको फोटो, आवेदन फाराम, नागरिकताको प्रतिलिपी, पारिवारिक बिबरण, सदस्य पहिचान बिबरण, बचत खाता खोलेका फारामहरु, हस्ताक्षर नमुना फर्म लगायत अन्य आवश्यक बिबरणहरु संलग्न गनुपर्ने छ ।

३. संस्थागत सदस्य भएमा संस्थाको छाप, संस्था दर्ता प्रमाणपत्रको प्रतीलिपी वा संस्थाको आधिकारीकता प्रमाणीत गर्ने कागजात, संस्था परिचय बिबरण, आवेदन फाराम, संस्थाको संचालक समितिको सेयर खरिद गर्ने निर्णयको प्रतिलिपी, खाता खोलेका फारामहरु, हस्ताक्षर नमुना कार्ड लगायत अन्य आवश्यक बिबरणहरु संलग्न गनुपर्ने छ ।
४. सदस्यले पेश गरेका निवेदनहरु, समय समयमा भरीएका सदस्य पहिचान बिबरण, हस्ताक्षर नमुना कार्डहरु समेत सम्बन्धीत सदस्यको फाइलमा राख्नु पर्ने छ ।
५. सदस्यता पहिचान बिबरण कम्तीमा प्रत्येक एक बर्षमा अद्यावधिक गरिने ।
६. सदस्यका बिबरणहरु सफ्टवेयरमा समेत अद्यावधिक गर्नु पर्नेछ ।

## २६. लाभांश बितरण :

१. संस्थाका सेयर सदस्यहरुलाई प्रत्येक बर्षको असार मसान्तमा निजको नाममा कायम रहेको चुक्ता शेयर पूँजीमा दैनिक मौज्दातका आधारमा गणना गरी साधारण सभाले तोके बमोजिमको दरमा लाभांश प्रदान गरिने छ ।
२. साधारणसभा सम्पन्न भएको एक महिना भित्रमा सदस्यको बचत खातामा लाभांश रकम जम्मा गर्नुपर्नेछ ।

## २७. शेयर हस्तान्तरण :

१. शेयर हस्तान्तरण का लागी सदस्य स्वयं संस्थामा उपस्थित भई तोकिए बमोजीमको निबेदन पेश गर्नुपर्नेछ ।
२. सदस्यले आफ्नो शेयर निजले इच्छाएको व्यक्ति लाई हस्तान्तरण गर्न सक्नेछ, तर त्यस्तो व्यक्ति संस्थाको सदस्य बन्न योग्य हुनुपर्नेछ ।
३. सदस्यको मृत्यु भएको अवस्थामा निजको हकवालालाई वा हकवालाको निबेदन अनुसार निजले इच्छाएको व्यक्तिलाई शेयर हस्तान्तरण गरिनेछ ।
४. यसरी प्राप्त निवेदन व्यवस्थापकले आफ्नो राय सहित निर्णयार्थ संचालक समितिको बैठकमा पेश गर्नुपर्नेछ,
५. संचालक समितिको निर्णय अनुसार शेयर हस्तान्तरण हुनेछ ।
६. हस्तान्तरण बाट शेयर प्राप्त गर्ने व्याक्तिले नयाँ शेयर सदस्य सरह सम्पुर्ण कागजात संस्थामा पेश गर्नुपर्नेछ,
७. शेयर हस्तान्तरण गर्नुपुर्व संस्थाले आवश्यकता महसुस गरेमा अंशियारको मन्जुरी लिन सक्नेछ ।
८. शेयर हस्तान्तरण गर्ने सदस्यको सम्पुर्ण सेयर तथा बचत डेबीट गरी सो रकम नयाँ सदस्यको शेयर र बचत खातामा क्रेडिट गरिनेछ ।
९. हस्तान्तरण बाट आउने सदस्यलाई नयाँ सदस्यता नं प्रदान गरिनेछ ।
१०. माथी जे सुकै भनिएतापनि सदस्यता हस्तान्तरण गर्ने सदस्य ऋणी भएमा वा कसैको जमानतमा बसेको अवस्थामा भएमा त्यस्तो सदस्यता हस्तान्तरण सम्बन्धी निवेदन वा हस्तान्तरण निजको ऋण चुक्ता तथा जमानत फुकुवा नभएसम्म स्वीकृत हुने छैन ।
११. सदस्य बनेको तीन महिना अवधि पुरा नभए सम्म शेयर हस्तान्तरण गरिने छैन ।

## २८. सदस्यता फिर्ता/राजिनामा/नामसारी :

१. सदस्यताबाट राजिनामा गर्दा खाताबन्दी शुल्क बापत रु. १०० लाग्नेछ ।

२. सदस्यता त्याग गरेको व्यक्तिले पुनः सदस्यता प्राप्त गर्न चाहेमा संस्थामा पुनः रितपूर्वक निवेदन दिई नयाँ सदस्यता प्राप्त गर्न सक्नेछ ।

३. नेपाल सरकार र प्रदेश सरकारका निकायहरू, स्थानिय तहहरू, कार्यक्षेत्र भित्रका सहकारी विद्यालय, सामुदायिक विद्यालय, गुठी, स्थानिय क्लब, स्थानिय तहमा गठन गएका गैरनाफामूलक संस्था, उत्पादन र सेवामूलक सङ्घ संस्था तथा उपभोक्ता समूहहरू देखी बाहेकका संसथागत सदस्यहरु संग समन्वय गरी तिनीहरुको सदस्यता फिर्ताको प्रकृया अगाडी बढाइने छ ।

## २९. शेयर हकदावी :

१. संस्थामा सदस्यको नाममा रहेको शेयर रकम स्वयं सदस्य बाहेक कसैले हकदावी गर्न पाउने छैन । सदस्यको मृत्यु भएको वा बेपत्ता भएको प्रमाणीत भएमा निजले इच्छाएको व्यक्तिले दावी गर्न सक्नेछ ।
२. इच्छाएको व्यक्ति तोकीएको नभएमा कानुन बमोजिम नजिकको वास्तविक हकवाला लाई तोकिएबमोजिमको प्रमाणको आधारमा रकम भुक्तानी गरिने छ ।

## ३०. सदस्यता निलम्बन :-

देहायको अवस्थामा संचालक समितिले निर्णय गरी सदस्यताबाट निलम्बन गर्न सक्नेछ :
१. लगातार ३ बर्ष भन्दा बढी समय देखि निस्कृय रही नियमित बचत नगरेमा ।
२. निलम्बीत सदस्यले साधारण सभामा सहभागी हुन पाउने छैन र संस्थाबाट प्रदान गरिने कुनैपनि सेवा प्रदान गरिने छैन ।
३. निलम्बीत सदस्यले कारोवार तथा व्यवहार सुधार गरेमा व्यवस्थापकको सिफारिसका आधारमा संचालक समितिले निलम्बन फुकुवा गर्न सक्दछ ।

## ३१. सदस्यता खारेजी :-

देहायको अवस्थामा संचालक समितिले निर्णय गरी सदस्यताबाट खारेजी गर्न सक्नेछ :
१. सदस्यता निलम्बन गरिएको १ बर्ष पुरा भएमा ।
२. संस्थाबाट लिएको ऋणको धितो लिलाम बिक्री गरी असुल गरीएमा,
३. उपनियम १ र २ अनुसार सदस्यता खारेजी गर्नुपुर्व संचालक समितिले एक उपसमिति निर्माण गरी निजहरुको बारेमा आवश्यक छानबिन गरेको र सफाई पेश गर्ने मौका दिएको हुनुपर्ने छ ।
४. खारेजीमा परेका सदस्यको सेयर तथा बचतमा बाँकी रहेको रकम भुक्तानी दिनुपर्नेमा राखिनेछ ।
५. खारेजीमा परेकाको पुनः सदस्यता स्विकृती संचालक समितिले गर्नेछ ।

## ३२. सदस्यताको अन्त्य :-

देहायको अवस्थामा कुनै पनि व्यक्तिको संस्थाको सदस्यता कायम रहने छैन :
क) मृत्यू भएमा,
ख) कानूनी रुपमा पागल वा असन्तुलित मस्तिष्क भएको भनी प्रमाणित भएमा,

ग) फौजदारी अभियोगमा कानूनद्वारा सजाँय पाएमा,
घ) सदस्यले आफ्नो सदस्यताबाट संचालक समिति समक्ष पेश गरेको राजीनामा स्वीकृत भएमा,
ङ) सदस्यले आफ्नो पुर्ण सेयर सहितको सदस्यता कुनै अर्को व्यक्तिको नाममा हस्तान्तरण गर्न दिएको लिखित निवेदन संचालक समितिबाट स्वीकृत भएमा,
च) सदस्य कानुनी रुपमा टाट पल्टेमा,
छ) सदस्यताबाट खारेजी भएमा,
ज) संस्था बिघटन भएमा
झ) विनियम बमोजिम कर्जा चुक्ता गरि राजिनामा दिएमा ।

**३३. पुरस्कृत गरिने :-**

(१) संस्थाको कार्यबिधि भित्र रही संस्थालाई योगदान पुऱ्याउने सदस्यहरुलाई प्रत्येक वर्ष सञ्चालक समितिको निर्णय अनुसार सम्मान तथा पुरस्कार प्रदान गरिनेछ ।

तर संचालक समिति सदस्यहरु, लेखा सूपरिवेक्षण समिति सदस्यहरु, विभिन्न उपसमिति सदस्यहरु तथा कर्मचारीहरु लाई यस्तो पुरस्कार प्रदान गरिनेछैन ।

३४. **व्याख्या :-** यस कार्यबिधिको व्याख्या गर्ने अधिकार संचालक समितिमा रहने छ ।

**३५. संसोधन, खारेज तथा थप :**

यस कार्यबिधिको कुनै पनि बुँदामा संशोधन गर्ने, खारेज गर्ने तथा थप गर्ने अधिकार संस्थाको साधारण सभामा रहनेछ ।

**३६. खारेजी तथा बचाउ :**

यो कार्यबिधि जारी हुनु भन्दा अगाडी गरिएका सदस्यता सम्बन्धी सम्पुर्ण कार्यहरु यसै कार्यबिधिअनुसार भएको मानीनेछ ।

**समाप्त ।**

**शेयर सदस्यता कार्यविधि २०८० को प्रथम संशोधन मस्यौदालाई संस्थाको २८औं वार्षिक साधारण सभावाट पारित गरि लागु गरिएको छ ।**